नेपाली राजदूतावास
EMBASSY OF NEPAL
LONDON,U.K.

## विदेशबाट नेपाल प्रस्थान गर्ने यात्रुहरुको लागि अत्यन्त जरुरी सूचना

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७८।०६।०५ गतेको निर्णयानुसार 'विदेशबाट नेपाल आगमन हुने र नेपालबाट प्रस्थान गर्ने यात्रुहरुको यात्रा व्यवस्थापन सम्बन्धी आदेश, २०७८' अनुसार विदेशबाट नेपाल भ्रमण गर्ने सम्पूर्ण यात्रुहरुको आवागमन व्यवस्थापन गर्ने सम्बन्धमा देहायबमोजिमको व्यवस्था गरिएको हुँदा उक्त व्यवस्थाहरुको अनिवार्य पालना गर्नुहुन सबैको जानकारीका लागि अनुरोध गरिन्छ ।

१) अध्यागमन कार्यालय त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल तथा स्थल नाकास्थित अध्यागमन कार्यालयहरुबाट नेपाल प्रवेश गर्ने विदेशी नागरिकहरुले आगमन विन्दुमा अन लराइभल भिसा प्राप्त गर्न भिसाका लागि आवश्यक अन्य कागजातका अतिरिक्त देहाय बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ:

क) कोभिड-१९ बिरुद्धको खोपको मात्रा पूरा गरेको १४ दिन पूरा भएको प्रमाण,

ख) हवाई उडानका लागि चेक इन हुनु भन्दा ७२ घण्टा भित्रको र स्थलमार्गबाट आगमन हुनेको हकमा नेपाल प्रवेश गर्नु भन्दा ७२ घण्टा भित्रको कोभिड-१९ परीक्षण (RT-PCR, Gene Expert, True NAAT अथवा WHO बाट मान्यताप्राप्त परीक्षण) को रिपोर्ट नेगेटिभ भएको प्रमाण,

ग) पर्वतारोहण र पदयात्रा तथा अनुमति लिनुपर्ने अन्य विषयको हकमा सो सम्बन्धी अनुमतिको प्रतिलिपि (तर पर्वतारोहण र पदयात्रा वाहेकका लागि आउने अन्य पर्यटकका लागि यो कागजात आवश्यक पर्ने छैन),

घ) नेपालमा होटल बुक गरेको प्रमाण,

ङ) www.ccmc.gov.np मा लगइन गरी अनलाइन फाराम (International Traveller Online Arrival Form) भरी सोको प्रिन्ट प्रति ।

२) कोभिड-१९ बिरुद्धको खोपको मात्रा पूरा नगरेका विदेशी नागरिकको हकमा विदेशस्थित नेपाली कूटनीतिक नियोगबाट भिसा लिई एजेन्सी मार्फत मात्र नेपाल भ्रमणको अनुमति दिइनेछ । यसरी नेपाल प्रवेश गर्ने विदेशी नागरिकहरुले माथि प्रकरण १ को ख, ग, घ र ङ बमोजिमको कागजात आगमन विन्दुमा पेश गर्नुपर्नेछ र अनिवार्य रुपमा १० दिन आफ्नै खर्चमा होटल क्वारेन्टिनमा बसी एघारौं दिनमा कोभिड-१९ को परीक्षण रिपोर्ट नेगेटिभ आएपछि मात्र भ्रमणको उद्धेष्य बमोजिमको काममा संलग्न हुनुपर्नेछ ।

३) नेपाली मूलका गैआवासीय नेपाली नागरिक वा निजका परिवार वा नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएका विदेशी नागरिकहरुलाई माथि प्रकरण १ को क, ख र ङ बमोजिमको कागजातको आधारमा अन अराइभल भिसा तथा आगमन अनुमति प्रदान गरिनेछ ।

तर देहायबमोजिमको विशेष अवस्थामा नेपाल प्रस्थान गर्नेहरुको हकमा नेपालस्थित अध्यागमन प्रवेश विन्दुमा अनिवार्य एण्टीजेन परीक्षण गरी रिपोर्ट नेगेटिभ आएमा गन्तब्यमा जान अनुमति दिइने र पोजेटिभ आएमा अनिवार्य रुपमा स्वास्थ्य मापदण्ड पालना गरी आइसोलेसनमा बस्नुपर्नेछ ।

क) आफ्नो धर्म, रीति, परम्परा अनुसार आफन्तको अन्तिम संस्कार (काज-किरिया) मा सहभागी हुनेको हकमा स्थानीय तहको सिफारिससाथ प्रस्थान गर्ने,

ख) दीर्घ विरामी, शारीरिक रुपमा अशक्त र विरामीसँगै जाने कुरुवाको हकमा अस्पतालबाट जारी भएको कागजात र स्थानीय तहको सिफारिससाथ प्रस्थान गर्ने,

ग) पचहत्तर बर्ष माथिका जेष्ठ नागरिक र निजलाई हेरचाह गर्ने तथा ५ (पाँच) बर्षभन्दा मुनिका नावालकसँग आएका निजका अभिभावक स्थानीय तहको सिफारिससाथ प्रस्थान गर्ने ।

घ) एकाघरका परिवारका कुनै सदस्य अस्पतालको आइ.सि.यू./भेन्टिलेटरमा उपचारार्थ भर्ना भएका तर हेरचाह गर्ने कोही नभएकाको हकमा अस्पतालबाट घटना पुष्टि हुने कागजात तथा सम्बन्धित स्थानीय तहको सिफारिससाथ प्रस्थान गर्ने ।

४) ५ (पाँच) बर्ष भन्दा कम उमेरका वालवालिकाको हकमा कुनै खोप र परीक्षण आवश्यक पर्ने छैन । पाँच बर्षभन्दा बढी र अठार बर्षभन्दा कम उमेरका वालवालिकाको हकमा कोभिड-१९ विरुद्धको खोप अनिवार्य हुने छैन र त्यस्ता वालवालिकाको हकमा अन्य व्यवस्था अन्य नेपाली वा विदेशी नागरिक सरह हुनेछ ।

नेपाली राजदूतावास,
लण्डन
मिति: २०७८।०६।०८ (२४ सेप्टेम्बर २०२१)

नेपाली राजदूतावास
लण्डन


**Tel:** 020 7229 1594, **Fax:** 020 7792 9861 **Email:** consular@nepembassy.org.uk